त्रैमासिक बुलेटिन

# लू निभाः दर्पण

Interpedia
प्रकाशन सहयोगी

बर्ष: १०    अङ्क: ३    जूलाई - सेप्टेम्बर २०१६

## n lgefM ultljw

## शिक्षा पुरस्कार २०७३ द्वारा लू निभाः बाल सरोकार समूह सम्मानित

काठमाडौं, असार ३०, आजको आवाज मिडियाले २०७३ को 12th Annual Wai Wai Education Awards अन्तर्गत Education Creative Award बाट लू निभाः बाल सरोकार समूहलाई सम्मानित गरेको छ ।

विगत ११ वर्षदेखि आयोजना गर्दै आएको उक्त समारोहमा विभिन्न शिक्षा क्षेत्रमा काम गर्ने विद्यालय, गैससहरु, शिक्षा सेवा, शिक्षा पत्रकारहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा प्रमुख अतिथिको रुपमा पाल्नु भएका माननीय उपप्रधान एवम् महिला बालबालिका तथा समाज कल्याण मन्त्री चन्द्र प्रकाश मैनाली र आजको आवाज मिडियाका अध्यक्ष श्याम तण्डुकारको अध्यक्षतामा सम्पन्न सो समारोहमा शिक्षा क्षेत्रमा क्रियाशिल गैह्र सरकारी संस्था मध्ये लू निभाः बाल सरोकार समूहलाई उक्त पुरस्कार प्रदान गरेको थियो ।

माननीय उपप्रधान एवं महिला बालबालिका तथा समाज कल्याण मन्त्री चन्द्र प्रकाश मैनालीको हातबाट प्रदान गरिएको उक्त पुरस्कारले लू निभाः का कार्यकारी निर्देशक नरेन्द्र डंगोलबाट ग्रहण गर्नुभएको थियो ।




*माननीय उपप्रधान एवं महिला बालबालिका तथा समाज कल्याण मन्त्री चन्द्र प्रकाश मैनालीवाट लू निभाः का कार्यकारी निर्देशक नरेन्द्र डंगोलले पुरस्कार ग्रहण गर्दै*

## नेपाली राष्ट्रिय दैनिकमा शिक्षा समाचार (सञ्चार अनुगमन प्रतिवेदन २०१६) सार्वजनिक



*शैक्षिक समाचारको प्रतिवेदन पत्रकार माझ प्रस्तुत गर्दै संस्थाका वरिष्ठ कार्यक्रम अधिकृत कृष्ण गोविन्द महर्जन*

लू निभाः बाल सरोकार समूहको आयोजनामा मिति २०७३ साल असार ३१ गतेका दिन नेपाली राष्ट्रिय दैनिकमा शिक्षा समाचार (सञ्चार अनुगमन प्रतिवेदन २०१६) सार्वजनिक गरिएको थियो । सो कार्यक्रममा शिक्षामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सञ्जालहरु र शिक्षा पत्रकारहरु गरी करिब ४० जनाको सहभागिता थियो । उक्त कार्यक्रम लू निभाःका बरिष्ठ कार्यक्रम अधिकृत कृष्णगोविन्द महर्जनको उद्घोषणबाट थालनी भएको थियो । कार्यक्रम सञ्चालकले नै कार्यक्रमा उपस्थित सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्नुका साथै कार्यक्रमको औचित्यबारे प्रष्ट पार्नु भएको थियो । लू निभाःका कार्यकारी निर्देशक नरेन्द्र डंगोलले नेपाली राष्ट्रिय दैनिकमा शिक्षा समाचार (सञ्चार अनुगमन प्रतिवेदन(२०१६) प्रस्तुत गर्नु भएको थियो ।

त्यस्तै शिक्षा पत्रकार समूहका पूर्वअध्यक्ष एवम् राष्ट्रिय समाचार समितिका पत्रकार प्रकाश सिलवालले मोडरेटरको भूमिका निर्वाह गर्दै रचनात्मक सुझाव दिनु भएको थियो भने कार्यक्रममा सहभागीहरुले सम्पादकहरुसँग पनि अन्तर्क्रिया गर्दा शिक्षाका समाचारमा प्रभाव पर्दछ । त्यस्तै कुनै एउटा वा दुईवटा सवाललाई लिएर त्यसको प्रभाव के रह्यो भन्ने कुरालाई पनि यस प्रतिवेदनमा ल्याउनु पर्ने, फलोअप समाचारका बारेमा पनि अध्ययन गर्नु पर्ने आदि सुझाव दिनु भएको थियो । शिक्षा पत्रकार सञ्जालका अध्यक्ष ईश्वरराज ढकालले समग्र कार्यक्रमको समीक्षा गर्दै शिक्षा समाचार प्रकाशनको अवस्थालाई थप गुणस्तरीय बनाउनका लागि सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने कुरा उल्लेख गर्नुभयो । अन्त्यमा संस्थाका कार्यकारी निर्देशकले सहभागीहरुबाट उठेका जिज्ञासालाई सङ्क्षिप्तमा संवोधन गरेर कार्यक्रमको समापन गरिएको थियो ।

## जीवन उपयोगी सीप तालिम

ललितपुर, बालबालिकाको जीवनमा आउने उतारचढाब, तनाबसँग लड्न र क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण ललितपुरका सामुदायिक विद्यालयमा बनेका बालक्लबका सदस्यहरुलाई लक्षित गरी **जीवन उपयोगी सीप तालिम** सम्पन्न भयो । टीकाभैरब स्थित आनन्दवन, अर्थात् लेप्रोसी मिसन नेपाल तालिम केन्द्रमा, असोज ५ देखि ८ गतेसम्म आवासीय रूपमा आयोजित यस तालिमको सहजीकरण विगत लामो समयदेखि बालक्लबसँग हातेमालो गर्दै आइरहनु भएका सहजकर्ता संजोग ठकुरीले गर्नुभएको थियो । तालिमको पहिलो दिनमा बालबालिकाहरु एक अर्काबिच बोल्न लजाउने, डराउने आफ्नो कुरा स्पष्ट भन्न नसक्ने र आफ्नो कुरा राख्नसम्म हिचकिचाहट पाइएको थियो । तालिमको अन्तिम दिनमा उनीहरुले धेरै कुरा सिकेर सहजरुपमा आफ्ना अनुभव व्यक्त गर्न सक्षम भएका थिए । बालक्लबका सदस्य र लू निभाःका कर्मचारीसमेत महिला १२ र पुरुष १५ जना गरी जम्मा २७ जनाको सहभागिता रहेको थियो ।

सहभागी सबै बालबालिकाहरुले आफूले सिकेका कुराहरु अन्य बालबालिकाहरुसँग सिकाइ आदानप्रदान गर्ने र आफ्नो जीवनमा पनि सही तरिकाले यस तालिमको प्रयोग गर्ने प्रतिवद्धता सहित कार्यक्रम समापन भएको थियो ।



*गिम्दी, आश्राङ, र ठुलादुर्लुङका बाल क्लबका सदस्यहरु जीवन उपयोगी सीप तालिममा समूहगत कार्य गर्दै*

## वार्षिक भेला र शैक्षिक परामर्श कार्यक्रम

ललितपुर, लू निभाःको शैक्षिक सहायता कार्यक्रम अन्तर्गत सहयोग प्राप्त एसएलसी परीक्षामा सम्मिलित भएका र कलेजमा अध्ययरत विद्यार्थीहरुलाई लक्षित गरी मिति २०७३ साउन १ गते लगनखेलस्थित साझा पार्टी प्यालेसमा शैक्षिक सहायता कार्यक्रमको वार्षिक भेला र शैक्षिक परामर्श दिने उद्देश्यका साथ कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा विद्यार्थीहरु, लू निभाःका कर्मचारी र स्वयम्सेवकसमेत गरी महिला ४२, पुरुष ३८ गरी जम्मा ८० जनाको सहभागिता थियो ।

कार्यक्रममा डा.नवराज खतिवडाले उपस्थित विद्यार्थीहरुलाई विभिन्न खेल विधि प्रयोग गरेर आफूले सधैं म कुन विषयमा राम्रो गर्न सक्छु भनेर थाहा



*लू निभाःवाट छात्रवृत्ति प्राप्त विद्यार्थीहरुलाई शैक्षिक परामर्श दिदै डा.नवराज खतिवडा*

पाउनु पर्छ र कसैको करकापमा नपरी विषय छनौट गर्नुपर्ने जस्ता कुराहरुलाई समेटेर सहजीकरण गर्नु भएको थियो । आफ्नो कुशलता र इच्छाएको विषयले आफू भविष्यमा एक सफल नागरिक बन्न मद्दत पुग्ने सन्देशसहित विभिन्न सफलताका उदाहरण दिई परामर्श दिनु भएको थियो । साथै जिल्ला शिक्षा कार्यालयबाट आउनु भएका तुलसी आचार्यले एसएलसी ग्रेडिङ प्रणालीका बारेमा सहभागी सबैलाई प्रष्ट पार्नु भएको थियो ।

कार्यक्रमको अन्त्यमा यस शैक्षिक सहायता कार्यक्रम अन्तर्गत एसएलसी दिएका विद्यार्थीहरुमध्ये सबैभन्दा बढी अङ्क अर्थात उच्च ग्रेडिङ ल्याउन सफल पद्मप्रकाश मावि धापाखेलमा अध्ययनरत विद्यार्थी स्मृति बानियाँ सम्मानित भएको थियो । साथै शैक्षिक सहायता कार्यक्रम अन्तर्गतका विद्यार्थीहरुले हालको आफ्नो अवस्थाका बारेमा र उनीहरुलाई सहयोग गर्ने सहयोगी दातालाई पत्राचारका लागि शुभकामना तथा धन्यबाद पत्र लेखनमा सक्रिय सहभागी भई कार्यक्रम सम्पन्न भएको थियो ।

## बालक्लबद्वारा अतिरिक्त क्रियाकलाप

डडेल्धुरा, लू निभाःबाल सरोकार समूहको आर्थिक सहयोगमा विभिन्न विद्यालयका बालक्लवद्वारा यही २०७३ भदौ र असोज महिनामा समैजी, अजयमेरु, गणेशपुर र मष्टामाडौं गाविसका समुदायिक विद्यालयहरुमा बाल क्लबहरुद्वारा ७७ वटा अतिरिक्त क्रियाकलापहरु सम्पन्न गरिएका छन् ।

जसमा गाविस र जिल्लास्तरिय बाल क्लव सञ्जालले बालदिवसको अवसरमा हाजिरी जवाफ, निबन्ध, वक्तृत्वकला, वादविवाद, छाउपडीसम्बन्धि सचेतना, सांस्कृतिक कार्यक्रम, म्युजिकलचियर, सडक नाटक, फुलबारी निर्माण र सरसफाई आदि कार्यक्रम गरिएको थियो । यी कार्यक्रहरुमा जम्मा सहभागी छात्र २२४७ छात्रा १७१८ सहभागी भएका थिए । यसको प्रमुख उद्देश्य बालबालिकाको नेतृत्वविकास गराउनुका साथै विद्यालयमा हुने कार्यक्रमले शैक्षिक सुधार गर्नमा सहयोग पुर्‍याउने रहेको थियो । यसले विद्यार्थीमा आत्मविश्वास तथा हौसला बढ्नुका साथै सकारात्मक भावनाको विकास भएको पाइएको थियो ।

*प्यारा विद्यार्थी भाईबहिनी, शिक्षकहरु र अन्य पाठकहरुमा हाम्रो अनुरोध । यस बुलेटिनमा उपयुक्त आफ्नो लेख- रचना पठाई सहयोग गरिदिनु हुन आग्रह गर्दछौं । उचित लेख-रचनालाई स्थान दिई प्रकाशित गरिनेछ र उत्कृष्टलाई आगामि दिनमा पुरस्कृत पनि गरिनेछ । साथै प्रतिक्रिया र सुझावको पनि हामी अपेक्षा गर्दछौं । लू निभाःको ठेगाना, कार्यलयमा सर्म्पक वा ईमेल पनि गर्न सक्नु हुनेछ ।*


**लू निभाः बाल सरोकार समूह**
सैंबु, ललितपुर
पो.ब.नं ८९७५, EPC २१२७, काठमाडौं
फोन नं : ५५९२०५४, ५५९१४२६, फ्याक्स : ५५९१३२९
ईमेल : info@loonivachild.org.np

## शैक्षिक सहायता प्राप्त बालबालिकाको बार्षिक भेला

ललितपुर, लू निभाःको शैक्षिक सहायता कार्यक्रम अन्तर्गत शैक्षिक सहयोग प्राप्त २१ वटा सामुदायिक विद्यालयका २०२ जना बालबालिकाहरु सहभागी भएको भेलाले फिनल्याण्डमा रहेका सहयोगी दाताहरुलाई क्रिसमस तथा नयाँ वर्ष २०१७ को उपलक्ष्यमा शुभकामना पत्र लेख्ने कार्य भएको थियो ।

पत्रमार्फत आफ्नो भावनापोख्न पाउँदा विद्यार्थी बालबालिकाहरु धेरै खुसी भएका थिए । उनीहरुले आफ्नो हालको पारिवारिक अवस्था, पढाइ र भूकम्पपछिको अवस्थाका बारेमा समेत आफ्ना सहयोगी दातालाई जानकारी दिने उद्देश्यका साथ शुभकामना कार्डमा उल्लेख गरेका थिए ।



*संस्थावाट शैक्षिक सहायता कार्यक्रममा परेका विद्यार्थीहरुले आफ्ना सहयोगी दातालाई चिठ्ठी लेख्दै*

## गाउँ बाल संरक्षण तथा सम्वर्द्धन समिति गठन

ललितपुर, चौघरे र माल्टा गाविसमा असोज ८ र ९ गते गाउँ बाल संरक्षण तथा सम्वर्द्धन समिति गठन गरिएको छ । केन्द्रिय बाल कल्याण समिति, जिल्ला बाल कल्याण समिति, जिल्ला विकास समिति, सिविस र लू निभाः बाल सरोकार समूहको सहकार्यमा उक्त समिति गठन भएको हो । कार्यक्रममा गाविसका प्रतिनिधि, विद्यालयका शिक्षक, बाल क्लबका सदस्य, स्वास्थ्यकर्मी, नागरिक समाज र महिला स्वास्थ्य कार्यकर्ताहरु गरी दुवै गाविसबाट जम्मा ४४ जना सहभागी थिए ।

बालबालिकाहरुको वास्तविक अवस्था पहिचान गर्न, आगामी दिनहरुमा उनीहरुको हितमा हुने गरी कार्यक्रमहरु सञ्चालन गर्न र सबै सहभागीहरुलाई बाल अधिकार र बाल संरक्षणका बारेमा सचेत गराउने उद्देश्यले समिति गठन गरिएको हो ।




*माल्टा गाविसमा बाल संरक्षण समिति गठन पश्चात सबै सहभागीहरु सामूहिक फोटो खिच्दै गरेको*

## जिल्ला परियोजना सल्लाहकार समितिको बैठक

ललितपुर, मिति ०७३ जेठ १८ गते जिल्ला परियोजना सल्लाहकार समितिको बैठक यलमाया केन्द्र, पाटनढोका, ललितपुरमा बस्यो । कार्यक्रममा पुरुष १८ जना र महिला ६ जना गरी जम्मा २४ जनाको सहभागिता रहेको थियो । ललितपुर जिल्लामा भएका परियोजनाहरुलाई कसरी प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सकिन्छ भन्ने उद्देश्यमा रही सो बैठक बसेको थियो । बैठक जिल्ला परियोजना सल्लाहकार समितिका अध्यक्ष एवम् जिल्ला विकास समिति ललितपुरका स्थानीय विकास अधिकारी श्री हरीप्रसाद दाहालको अध्यक्षतामा भएको थियो । बैठकमा सल्भ नेपाल, सीएमसी नेपाल, युसेप नेपाल, ललितपुर जिल्ला विकास समिति र लू निभाः बाल सरोकार समूहको संयुक्त आयोजनामा सम्पन्न भएको भएको थियो । आयोजक संस्थाहरुवाट सबैले आआफ्नो संस्थाको वार्षिक योजनाबारे प्रकाश पारेका थिए ।

कार्यक्रममा सरकारी प्रशासनहरु पनि सम्बन्धित कार्यमा समावेश हुनुपर्ने, बालक्लबहरुलाई अझ सक्रिय बनाउनुपर्ने, भूकम्पले गर्दा भत्किएका विद्यालयका संरचनाहरुलाई पहिलाकै मोडेलमा पुनःनिर्माणमा सहयोग गर्नुपर्ने, जिल्ला शिक्षा कार्यालयसँग समन्वय गरी सुधार योजना तथा वार्षिक सुधार योजनाको ढाँचा बनाउनुपर्ने साथै छारेरोग पीडित बालबालिकाका बारेमा पनि सम्बोधन हुनुपर्ने र बाल श्रमिकको हिसाबले दक्षिण ललितपुर पीडित भएको हुनाले सम्पूर्ण शैक्षिक प्रणाली नै सुधार गर्नुपर्ने निष्कर्ष सहित बैठक सम्पन्न भएको थियो ।



*DPAC का सदस्यहरुलाई वैठकमा लू निभाःको प्रतिवेदन र भावी कार्य योजनाका वारे प्रस्तुत गर्दै  संस्थाका कार्यक्रम संयोजक सन्त राम डंगोल*

## नमुना विद्यालय सहयोग कार्यक्रम

लू निभाः बाल सरोकार समूह फिल्ड कार्यालय, डडेल्धुराले ४ ओटा गाविसमा रहेका  शिवशंकर प्रावि बजकोट, नवदुर्गा निमावि बसाना, जनचेतना प्रावि, रुलाकेट र सिमेश्वर प्रावि कुजाकोटलाई नमुना विद्यालय बनाउनका लागि प्रत्येक विद्यालयलाई जनही १ लाख रुपैयाँको आर्थिक सहयोग गरिएको थियो । नमुना विद्यालय निर्माणका लागि विद्यालयको अग्रसरता र शैक्षिक गुणस्तर अभिवृद्धि गर्न प्रतिवद्ध सामुदायिक विद्यालयलाई शैक्षिक सामग्री खरिदका लागि सहयोग भएको हो । नमुना विद्यालयका लागि शिक्षा क्षेत्रमा नयाँ परिवर्तनका साथै अभिभावक  शिक्षकलाइ सक्रिय गराइ स्थानीय शैक्षिक क्रियाकलापको बढीभन्दा बढी प्रयोग गराइ बालबालिकाको गुणस्तरीय शिक्षा उकास्नका लागि सक्रिय बनाउनु प्रमुख उद्देश्य रहेको थियो । यसरी विद्यालयमा गुणस्तरीय शिक्षण गराउनु र बाल मैत्री कक्षा व्यवस्थापन गरी नेपाल सरकारले अवलम्बन गरेको  बालमैत्री शिक्षण क्रियाकलापकमा मद्दत पुग्ने विश्वासका साथ संस्थाले नमुना विद्यालयको अवधारणा ल्याइ शैक्षिक सुधारका लागि नमुना विद्यालयलाई सहयोग गरिएको थियो । यसको थप प्रभावकारीताका लागि स्थानीय शिक्षा प्रेमी सिद्धराज पाठकद्वारा यसको निरन्तर अनुगमन, मूल्याङ्कनका साथै सुझाव दिई कार्यक्रमलाई अगाडी बढाइएको थियो ।

## Through the Childrens' Eyes पुस्तक वितरण कार्यक्रम

ललितपुर, लू निभाःबाट प्रकाशित Through the Childrens' Eyes पुस्तक प्रदान गर्ने हेतुले २०७३ असार २९ गते संस्थाको बैठक हलमा कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा प्रत्यक्ष रुपमा संलग्न विद्यार्थीहरु र संस्थाका कर्मचारीसमेत गरी महिला १७, पुरुष १८ गरी जम्मा ३५ जनाको सहभागिता रहेको थियो ।

उक्त पुस्तकमा भूकम्पपश्चात बालबालिकाका अनुभव गरेका, देखेका दृष्यलाई फोटोमार्फत कैद गरेको सँगालो पुस्तकका रुपमा सहभागी सामु संस्थाका अनुगमन तथा मुल्याङ्कन संयोजक नविन डंगोलले प्रस्तुत गर्नु भएको थियो । सोही पुस्तकका लागि लू निभाःले केही समय अगाडी दक्षिण ललितपुर गिम्दी, आश्राङ, ठूलादुर्लुङ, खोकना, बुङ्गमती, डुकुछापका विद्यार्थीहरुलाई फोटो कसरी खिच्ने, मिलाउने, फोटो खिच्दा क्यामराको प्रयोग कसरी गर्ने भन्ने तालिममा सहभागी विद्यार्थीहरुलाई एक/एकवटा क्यामरा दिई उनीहरुले आफ्नो गाउँ, घर, समाजमा आफू देखेका कुराहरु क्यामरामा कैद गरेका थिए । सोही कैद गरिएका विभिन्न फोटोहरु छनौट गरी Through the Childrens' Eyes नामक एक पुस्तक संस्थाले प्रकाशन गरेको थियो । सोही पुस्तकलाई संस्थाका कार्यकारी निर्देशक नरेन्द्र डंगोलले सोही दिन सहभागी विद्यार्थीहरुलाई हस्तान्तरण गर्नुभयो ।



Through The Childrens' Eye Book *वितरण कार्यक्रममा सहभागी बालबालिकाहरुसंग लू निभाःका परियोजना अधिकृत सबिना भण्डारी अन्तरक्रिया गर्दै*

## २०. रेडियो कार्यक्रम

डडेल्धुरा, लू निभाः बाल सरोकार समूह फिल्ड कार्यालय डडेल्धुराले २ वटा सामुदायिक रेडियोहरुबाट २०१६ को जनवरीदेखि हालसम्म शिक्षा सरोकार द्धितिय कार्यक्रमको १२ वटा रेडियो कार्यक्रम प्रशारण सम्पन्न गरेका छन् । डडेल्धुरा जिल्लाका प्रमुख २ वटा सामुदायिक रेडियोहरु क्रमशः रेडियो अमरगढीद्वारा सोमबार बेलुका ६:३० देखि ७:०० बजेसम्म र रेडियो सुदुर आवाजद्वारा बेलुका ७:३० देखि ८:०० बजेसम्म गरी ६/६ वटा कार्यक्रमहरु प्रशारण भैसकेको छ ।

लू निभाः फिल्ड कार्यालयको आर्थिक सहयोग र जिल्ला शिक्षा कार्यालय, डडेल्धुराको सहकार्यमा सञ्चालित उक्त रेडियो कार्यक्रमको प्रमुख उद्देश्य मध्य तथा सुदुरपश्चिमका शिक्षासँग सम्बन्धित सरोकारवालाहरुका लागि शिक्षाको महत्वका बारेमा छलफल, बहस र पैरवी सञ्चालन गर्ने तथा शिक्षासँग सम्बन्धित विभिन्न सूचना र जानकारीहरु प्रशारण गरी शिक्षामा जनचेतना फैलाउनु रहेको छ ।

## सिर्जनात्मक क्षमता अभिवृद्धिका लागि चित्रकला प्रतियोगिता



*बाल केन्द्रित विपद् जोखिम न्युनिकरण बिषयक चित्रकला प्रतियोगितामा प्रतिभा प्रस्तुत गर्दै गरेका बालबालिका*

ललितपुर, ०७३ साल भदौ २९ गतेको राष्ट्रिय बालदिवसलाई लक्षित गरेर दक्षिण ललितपुरको गिम्दी, प्युटार, आश्राङ, चौघरे, माल्टा, कालेश्वर र ठुलादुर्लुङ गाविसका विद्यालयहरुमा चित्रकला प्रतियोगिता गरियो । यस प्रतियोगितामा माध्यमिक र निम्न माध्यमिक तहका गरी जम्मा १० ओटा विद्यालयका बालबालिकाहरु सहभागी भए । प्रतियोगितामा छात्र ९४ र छात्रा ८३ गरी जम्मा १७७ ले सहभागिता जनाए ।

बालबालिकाहरुमा सिर्जनात्मक क्षमताको अभिवृद्धि गर्ने उद्देश्यका साथ यो प्रतियोगिता सञ्चालन गरिएको थियो । कार्यक्रममा सहभागीमध्ये उत्कृष्ट ४ जना बालबालिकाहरु सुमति जिम्बा प्रथम, (श्री चन्देश्वरी मावि, प्यूटार) राजकुमार वाइबा द्वितीय, ( श्री कालीदेवी उच्च मावि, माल्टा) सुनिता नेगी तृतीय, (महेन्द्र उच्च मावि, ठुलादुर्लुङ ) र राजीव डंगोल चौथो (श्री कालीदेवी उच्च मावि, माल्टा) हुन सफल भएका थिए । उनीहरुलाई आकर्षक पुरस्कार प्रदानसहित उक्त चित्रहरुको पम्प्लेट निर्माणका लागि अवधारणा सङ्कलनमा सहयोग पुगेको थियो ।

## चाइल्ड सेफ्टी कार्यक्रम

ललितपुर, सबै खाले जोखिम तथा प्रकोपबाट बालबालिका संरक्षित हुन पाउनु बालबालिकाको मौलिक अधिकार हो । अतः बालबालिकाको दृष्टिबाट आफ्नो घर, विद्यालय तथा समुदायमा बालसुरक्षाका समस्या र त्यस्ता किसिमका समस्याबाट कसरी सुरक्षित हुन सक्छौं भन्ने अभिप्रायले स्वयम् बालबालिकाको सहभागितामा लेखाजोखा गोष्ठी साउन र भदौ महिनाभित्र भएको थियो । ललितपुरका दक्षिण भेगका ६ गाविस क्रमशः ठूलादुर्लुङ, कालेश्वर, चौघरे, गिम्दी, प्युटार र माल्टाका ६ सामुदायिक विद्यालका ७१ छात्र र ४८ छात्रा गरी जम्मा १३९ जना सहभागितामा बाल सुरक्षा लेखाजोखा कार्यक्रम सञ्चालन भएको थियो ।



*बाल सुरक्षा लेखाजोखा कार्यक्रममा आफ्नो सुरक्षाको मापन कसरी गर्ने भन्ने बिषयक छलफल गर्दै गरेका बालबालिका*

# प्राथमिक उपचार तालिम सञ्चालन




*नारायणी मावि.गिम्दीमा प्राथमिक उपचार तालिममा प्रयोगात्मक अभ्यास गर्दै विद्यालय प्रतिनिधीहरु*

ललितपुर, भदौ महिनामा दक्षिण ललितपुरको गिम्दी, प्युटार, आश्राङ, चौघरे, माल्टा, कालेश्वर र ठुलादुर्लुङ गाविसमा प्राथमिक उपचार तालिम ७ वटै स्थानमा जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुर तथा स्थानीय गाविसका स्वास्थ्यकर्मीहरुको सहयोग र सहजीकरणामा कार्यक्रमलाई सञ्चालन गरिएको थियो । तालिममा बालक्लबका सदस्य, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र दक्ष जनशक्ति श्रमिकहरु ९९ जना पुरुष र ५८ जना महिला गरी जम्मा १५७ जना सहभागितामा  प्राथमिक उपचार तालिम सम्पन्न भएका थिए ।

यसका प्रमुख विषयवस्तुका रुपमा सानो वा ठूलो दुर्घटनाबाट घाइते भएकाहरुलाई कसरी खतराबाट बचाउन सकिन्छ ? जस्तै सामान्य जीवजन्तुले टोकेको खण्डमा टोकेको ठाउँमा सफा पानी वा अप्रत्यक्ष बगेका पानीका मुहानबाट पनि सफा गर्न सक्ने जानकारी दिनु भएको थियो । त्यसका साथै प्राथामिक उपचारको महत्व र यसले गर्दा ठूलो दुर्घटनाबाट रोकथाममा सहयोग पुग्ने कुरा सहभागीहरुले थाहा पाएकोमा आयोजक तथा सहजकर्ताहरुलाई धन्यवादसहित कार्यक्रमहरु सम्पन्न भएको थियो । सोही गाविसका विभिन्न १४ ओटा विद्यालयमा प्राथमिक उपचार बाकस र यसका विस्तृत जानकारीको कागजातसहित प्रदान गरिएको थियो ।

त्यसैगरी चौघरेस्थित कालीसेतीदेवी निम्न माध्यमिक विद्यालयका प्रअ श्री राजेन्द्र हमगाईंले तालिमबाट आफू अत्यन्तै लाभान्वित भएको र यस्तो कार्यक्रम सबैका लागि उपलब्ध हुनु आवश्यक भएको कुरा बताउनुभएको थियो ।

# राष्ट्रिय बालदिवस २०७३  मनाइयो

डडेल्धुरा, बालसञ्जालको आयोजना तथा समैजी, अजयमेरु, गणेशपुर र मष्टामाडौं गाविस र लू निभाः बालस रोकार समूहको आर्थिक सहयोगमा भाद्र २९ गतेका दिन राष्ट्रिय बालदिवस कार्यक्रम भव्यताका साथ सम्पन्न भयो । कार्यक्रममा उल्लेखनीय सहभागीतामा भएको थियो । हरेक गाविसका समुदायिक विद्यालयको प्रतिनिधित्व हुने गरी बालसञ्जालले विभिन्न कार्यक्रममा बालबालिकाको सहभागितामा कार्यक्रम गरेको थियो । बालबालिकाको अधिकारलाई सुनिश्चित गर्न र बालहिंसा बालश्रम शोषण, दुर्व्यवहारको अन्त्यका लागि गाविसस्तरमा जनचेतना तथा सडक नाटक, साथै समुदायका लागि सचेतनासँगसँगै र्‍यालि र अन्य विभिन्न कार्यक्रम सञ्चालन भएको थियो । यसरी सञ्चालन भएका कार्यक्रममा सहभागी भई विद्यार्थीमा हौसला तथा समाजमा हुने समाजिक कुप्रथालाई हटाउन सहयोग मिल्ने विश्वास लिएको थियो ।

# परियोजना अभिमुखीकरण तथा मूल्याङ्कन भ्रमण

ललितपुर, मिति ०७३ जेष्ठ ३० गते असार २ गतेसम्म भएको कार्यक्रम र २०७२ वैशाखमा गएको महाभूकम्पको कारणले अभिभावक गुमाएका, शिक्षाको अवसरबाट बाहिरिएका बालबालिकाको अवस्थाको अध्ययन गर्ने जोखिम परिस्थितिसँग सामना गरी शिक्षामा सामेल गराउने उद्देश्यका साथ यो कार्यक्रम गरिएको थियो । परियोजना अभिमुखीकरण कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य, शिक्षक अभिभावक संघका सदस्य, प्रधानाध्यापक, बाल समूहका सदस्य, गाविसका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरुसँग अन्तर्क्रिया गरिएको थियो । कार्यक्रममा १६८ पुरुष र १६७ महिला गरी जम्मा ३३५ जना सहभागी भएका थिए ।

नेपालको संविधानमा अनिवार्य शिक्षा, बाच्न पाउने अधिकारभित्र रहेर जिल्ला शिक्षा कार्यालय ललितपुरको समन्वयमा रहेर लू निभाः बाल सरोकार समूह, युसेप नेपाल, सीएमसी नेपालले बाल केन्द्रित विपत् जोखिम न्युनीकरण र बाल संरक्षण, विद्यालय भौतिक सुधार, बाल मस्तिष्क स्वास्थ्य मुद्दा नामक परियोजनाको सुरुवात गरियो । परियोजनालाई ठुलादुर्लुङ, कालेश्वर, चौघरे, गिम्दी, प्युटार र माल्टामा कार्यान्वयन गर्ने लक्ष्य छ ।

# घुम्ती बैठक सम्पन्न

लू निभाः बाल सरोकार समूहको आर्थिक सहयोगमा अजयमेरु  र बडाल स्रोतकेन्दको सहजीकरणमा ३ ओटा घुम्ती बैठक सम्पन्न भयो ।  मिति २०७३ असार २८ गते अजयमेरु स्रोतकेन्द्रको कैलपाल प्राविमा गणित, मिति २०७३ असार ६ गते दरपुर निमाविमा अंग्रेजी र मिति २०७३ असोज १० गतेका दिन लाटा गन्याप प्राविमा अंग्रेजी विषयको घुम्ती बैठक सम्पन्न भएको थियो । उक्त कार्यक्रममा शिक्षक शिक्षिका गरी २० जना महिला र ३२ जना पुरुषको सहभागितामा भएको थियो । बैठकमा घुम्ती बैठकको महत्व र यसको आवश्यकताबारे अभिमुखीकरण गरियो । बैठकका सहभागीहरुले सम्बन्धित विद्यालयका गणित, अङ्ग्रेजी  विषयका शिक्षकहरुले  कक्षा शिक्षण गर्न सघाउ पुऱ्याउनुका लागि कोसेली लिई सम्बन्धित विद्यालयमा शैक्षिक सामग्रीका लागि योगदान दिनुका साथै स्कूलमा अवलोकन समेत गर्नु भएको थियो । उक्त कार्यक्रमका दौरानमा कक्षा शिक्षण गर्दा देखिएका समस्यालाई समाधानका लागि विभिन्न विद्यालयबाट आउने शिक्षकहरु र स्रोतव्यक्तिले आफ्ना अनुभवलाई एक आपसमा आदानप्रदान गरी कक्षा शिक्षण विधिमा सुधार गर्न सल्लाह लिनेदिने गरी कार्यक्रम भएको थियो । २४ विद्यालयका विषय शिक्षकको सहभागितामा गणित, अङ्ग्रेजी विषयमा देखिएका समस्याका बारेमा विस्तृत छलफल चलाउनु भएको थियो । बालबालिकाले सजिलैसँग बुझ्न नसक्ने, अङ्ग्रेजी शब्द लेख्न, बोल्न, चिन्न र गणितमा भागको समस्या र जोड घटाउका समस्यालाई स्रोतव्यक्तिले  समाधानका उपायहरु देखाउनु भएको थियो ।



*घुम्ती बैठकमा ल्याउने गरेको शैक्षिक कोसेलीको अभ्यास विधिद्धारा प्रत्यक्ष रुपमा विद्यार्थीहरुलाई सहभागी गरेर प्रर्दशन गर्दै डडेल्धुराका शिक्षक*

## सिलाइ कटाइ तालिम सम्पन्न

डडेल्धुरा, लू निभाःबाल सरोकार समूह फिल्ड कार्यालय डडेल्धुराद्वारा समैजी, अजयमेरु, गणेशपुर र मष्टामाडौं गाविसका बिचैमा विद्यालय छोडेका, पढ्न नसकेका गरीव तथा दलित बालिकालाई दक्षित गरी सीप विकास अन्तर्गत १६ जना किशोरीहरुलाई ३ महिने सिलाइ कटाइ तालिममा सम्पन्न भएका थियो । घरमा बसेका बालबालिकालाई आफ्नो जीवनको लक्ष्यका बारेमा अनविज्ञ भई के गर्ने , के नगर्ने , भन्ने दोधारका बालबालिकालाई जीविका कक्षा अभिमुखीकरण गरी जीवन निर्वाह गर्ने सीपको विकास गराइ मैले के गर्दा राम्रो हुन्छ भन्ने उद्देश्यका साथ यो कार्यक्रम सञ्चालन भएको थियो । यस तालिममा सहभागी किशोरकिशोरिले भावी व्यवसायी योजना निर्माण गर्न सक्षम भएका थिए । तालिममा विभिन्न किसिमका लेडिज आइटम र बालबालिकाका सुट सिलाउने सीप सिकेको बताउनु हुन्छ समैजीकी गौमती भट्ट । यसलाइ निरन्तर सञ्चालन र सिलाइ सेन्टरका लागि संस्थाले हामीजस्ता दलित अपाङ्ग बालिकालाई मेसिन उपलब्ध गराएमा हामीले सिकेको सीपबाट आर्थिक लाभ र सन्तुष्ट हुने थियौं भन्ने सुझाव लक्ष्मी चुनाराको थियो ।

यो कार्यक्रमको प्रभावकारीताका कारण आगामी दिनमा स्थानीय गाविसहरुले पनि यस्ता आयमूलक कार्यक्रम ल्याई गाउँका बेरोजगार युवालाई रोजगारतर्फ उन्मुख बनाउने रणनीति बनाउने धारणासहित तालिमको अन्तिम दिनलाई समापन गरिएको थियो ।



*डडेल्धुरा, अजयमेरुका किशोरकिशोरिहरु सीप विकास मूलक कार्यक्रम तालिमका दौरान अभ्यास गर्दै ।*

## छात्रवृत्ति प्रदान

ललितपुर, लू निभाः बाल सरोकार समूहको शैक्षिक सुशासन परियोजना कार्यक्रममार्फत आश्राङ, गिम्दी र ठूलादुर्लुङ गाविसमा २०७३ असार, साउन, भदौ महिनामा दलित ५ जना जनजाति ८७ जना ब्राह्मण ३९ जना गरी जम्मा १३३ जना बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएको थियो । यस कार्यक्रम अन्तर्गत परिवारको आर्थिक अवस्था कमजोर भई विद्यालय छोड्न लागेका र विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय सम्म पुऱ्याई शिक्षाको ज्योतिबाट बन्चित हुनबाट बचाउनु प्रमुख उद्देश्य रहेको थियो ।

यस छात्रवृत्ति कार्यक्रम मार्फत लाभान्वित बालबालिकाहरुलाई आफ्नो पढाइलाई निरन्तरता दिनका लागि र नियमित विद्यालयमा पठनपाठनमा अवरोध हुन नदिनका लागि उक्त विद्यार्थीहरुलाई आवश्यक विभिन्न शैक्षिक सामग्री जस्तैः विद्यालय पोसाक, कपी, डट्पेनलगायत सामग्री प्रदान गरिएको थियो ।

## युथ किट्स एसेसमेन्ट कार्यक्रम



*युथ किट्स एसेसमेन्ट कार्यक्रममा सामूहिक छलफल गर्दै गरेका किशोरकिशोरीहरु*

ललितपुर, साउन र भदौ महिनामा दक्षिण ललितपुरको कालेश्वर, गिम्दी र चौघरेमा भूकम्पपछि किशोरावस्थामा आई पर्ने आपत्कालीन समस्यालाई पूर्व तयारी अवस्थामा कसरी रहने र आफ्नो शिक्षालाई पनि विना अवरोधका साथ निरन्तर अगाडी बढाउन सघाउ पुग्नेसाथै युथ किट्स निर्माण गर्ने उद्देश्यका साथ युथ किट्स एसेसमेन्ट (YOUTH KITS ASSESSMENT) कार्यक्रम भएको थियो । साथै भूकम्पपछि किशोरावस्थामा मनोसामाजिक रुपमा असर परेको कुरालाई मध्यजनर गर्दै ग्रामीण भेगका बालबालिकाहरुको अवस्थालाई सुधार गर्नका लागि सघाउ पुग्नेसमेत अपेक्षा रहेको थियो । यस कार्यक्रमबाट बालबालिकाले जोमिख, प्रकोप र विपत्को अवस्थामा युवाहरुको भूमिकाका विषयमा जानकारी पाएका थिए । जोखिम न्युनीकरण गर्न तयारी अवस्थामा बस्नका लागि आवश्यक सामग्रीहरुको पहिचान भई सोका बारेमा प्रशिक्षित भई सचेत हुन सक्षम भएका थिए । यस कार्यक्रममा ४३ बालक र ४३ बालिका गरी जम्मा ८६ जना सहभागी भएका थिए ।

## मष्टामाडौं गाविस ९८.६ प्रतिशत जनसंख्या साक्षर

डडेल्धुरा, मष्टामाडौं गाविस सामुदायिक अध्ययन केन्द्रको आयोजना तथा मष्टामाडौं गाविस र लू निभाः बाल सरोकार समूह फिल्ड कार्यालय डडेल्धुराद्वारा साक्षर गाविस घोषणाका लागि जोडकोषमार्फत मष्टामाडौं गाविसलाई डडेल्धुरा जिल्लाकै छैटौं साक्षर गाविसको रुपमा घोषणा गर्नका लागि सहयोग गरिएको थियो । उक्त मष्टामाडौं गाविस ९८.६ प्रतिशत जनसंख्या साक्षर भएको घोषणा मिति २०७३ भदौ २३ गतेका दिन औपचारिकरुपमा सम्बन्धित सरोकारवालहरुको बिच सार्वजनिक गरिएको थियो ।



*मस्टामाण्डौं गाविसमा साक्षरता घोषणा कार्यक्रममा उक्त गाविसका सचिवद्वारा फिल्ड कार्यलयका कर्मचारी यज्ञराज बाकटी सम्मान पत्र ग्रहण गर्दै ।*

## जोडकोष सहयोग

विगत वर्ष २०७२ साल वैशाख १२ गते गोरखाको वारपाकलाई केन्द्रबिन्दु बनाएर गएको विनाशकारी भूकम्प र त्यसपछि गएका विभिन्न पराकम्पनहरूले देशका ४४ भन्दा बढी जिल्लाहरूलाई प्रभावित भएको थियो । जसमध्ये ललितपुर पनि एक हो । विनाशकारी भूकम्पले आठ हजारभन्दा बढी मानिसहरूको ज्यान लियो भने लाखौ व्यक्तिहरूलाई घरवारबिहीन बनायो । यसैगरी ३ लाख २० हजार बालबालिकाहरुलाई प्रत्यक्ष असर परेको छ भने २६४२६ विद्यालय कक्षा कोठाहरु क्षति हुनुका साथै अन्य भौतिक संरचनाहरूलाई तहसनहस पारेको छ । जसले गर्दा करिब २ लाख बालबालिकहरु १ महिनाभन्दा बढी विद्यालय जान पाएन । करिब १ महिनाभन्दा बढी विद्यालय पूर्णरुपमा बन्द रह्यो । विद्यालय भवनहरू, शौचालय, खानेपानी भत्किएको छ । विद्यालको खेल मैदानमा भूक्षय भएको छ । विद्यालय भवन भत्किदा फर्निचर, पुस्तकहरू तथा अन्य शैक्षिक सामग्रीहरू पुरिएर नष्ट भएको छ । यस्तो क्षतिले विद्यालयलाई तत्काल विद्यालय सञ्चालनमा ल्याउन समस्या पर्नुका साथै लामो समयसम्म असर पुऱ्याएको छ । अतः हालसम्म पनि विद्यालय यस्ता शैक्षिक सामग्री जस्तैः फर्निचर, कक्षाकोठा, खानेपानी, शौचालयको अभावले गर्दा बालबालिकाहरुले सहज रुपमा साथै सुरक्षित र बालमैत्रीपूर्ण वातावरणमा रही अध्ययन अध्यापन हुन नसकेको विद्यमान अवस्था अवगतै छ । यस्ता समस्याहरुलाई मध्यनजर गर्दै लू निभाः बाल सरोकार समूहले दक्षिण ललितपुरका आश्राङ, गिम्दी र ठूलादुर्लुङका १८ विद्यालयहरुलाई भौतिक सहयोगका लागि जोडकोषका रुपमा सहयोग गरिएको थियो ।

## जिल्लास्तरिय समन्वय तथा योजना बैठक

ललितपुर, २०७३ असार ११ गते जिल्ला शिक्षा कार्यालय, ललितपुर र लू निभाः बाल सरोकार समूहको संयुक्त आयोजनामा जिल्लास्तरिय समन्वय तथा योजना बैठक बस्यो । बैठकमा ३१ जना पुरुष र १० जना महिलासहित जम्मा ४१ जनाको सहभागितामा जिल्ला शिक्षा कार्यालय, ललितपुरमा  बैठक बसेको थियो ।

शिक्षाक्षेत्रमा प्राकृतिक प्रकोपको कारणले गर्दा हुन जाने विपद्बाट बच्न तयारी कसरी गर्न सकिन्छ भन्ने विषयमा केन्द्रित रही बैठक बसिएको थियो । यसै बैठकमार्फत  लू निभाः बाल सरोकार समूहको प्रतिनिधित्व सहित ५ सदस्यीय विपद् प्रतिकार्य योजना निर्माण समिति गठन गरियो ।

## शैक्षिक सुशासनसम्बन्धी पत्रकारहरूलाई अभिमुखीकरण

शैक्षिक सुशासनसम्बन्धी पत्रकारहरु माझ बहस स्थापित गर्न, उनीहरुमा समान बुझाइ बनाउन र शैक्षिक सुशासनसम्बन्धि समाचार सम्प्रेसन गर्नेमा प्रतिवद्ध बनाउनको लागि शिक्षा क्षेत्रमा कलम चलाइरहेका मेडियाकर्मीहरुलाई एक दिने अभिमुखीकरण २०७३ भदौ २७ गते सम्पन्न भएको थियो ।  जसमा शिक्षा विद् एवम् सर्च फर कमन ग्राउण्डका कार्यकारी निर्देशक डा. भोला दाहालले पेपर प्रस्तुत गर्नुभएको थियो । जसमा शैक्षिक सुशासन के, किन, यसका विशेषताहरु के हुन् र शैक्षिक सुशासन कायम गर्न सञ्चारकर्मी तथा सञ्चारमाध्यमको भूमिका के हुनसक्छ जस्ता विषयहरु समावेश गरिएको थियो । प्रस्तुतीमाथि टिप्पणी गर्दै शिक्षा पत्रकार समूहका पूर्वअध्यक्ष एवम् राससका पत्रकार प्रकाश सिलवालले थुप्रै पत्रकारहरु माझ निजी विद्यालय, सार्वजनिक विद्यालयभन्दा उत्कृष्ट भन्ने गलत बुझाइ रहेको र पत्रकारहरुले शिक्षा खासगरी शैक्षिक सुशासनजस्ता विषयलाई प्राथमिकतामा राख्न नसकेको कुरा स्वीकार्दै अबका दिनमा विषयवस्तु उठान गरिसकेपछि नियमित फलोअप गर्दै निष्कर्षमा पुऱ्याएरै छाड्ने प्रतिवद्धता जनाउनु भयो । १० पुरुष तथा ७ महिला सञ्चारकर्मी सहभागी रहेको उक्त कार्यक्रममा पत्रकारहरुको प्रतिनिधित्व गर्दै शिक्षा पत्रकार सञ्जालका पूर्वअध्यक्ष एवम् गोरखापत्रका शिक्षा पत्रकारले आगामी दिनमा शिक्षा क्षेत्रलाई समाचारको प्राथमिक क्षेत्रको रुपमा लिइने, शिक्षाका सवालहरुलाई नियमित अध्यावधिक गर्ने, नियमित समाचार सम्प्रेशन, फलोअप गरी निष्कर्षमा पुऱ्याउने तथा आगामी दिनमा लू निभाःसँग सहकार्य गर्नेजस्ता प्रतिवद्धताहरु व्यक्त भई कार्यक्रम समापन भएको थियो ।

## बालदिवस कार्यक्रम

ललितपुर २०७३ भदौ २९ गते राष्ट्रिय बालदिवसका अवसरमा जिल्लास्तरीय तथा स्थानीय आश्राङ, गिम्दी, ठुलादुर्लुङ गाविसका विभिन्न कार्यक्रम आयोजना गरी जिल्ला बालकल्याण समिति, ललितपुर, बालक्लब सञ्जाल र बाल क्लबहरुको आयोजनामा बाल दिवस सम्पन्न भएको थियो । जस्तैः बाल भेला, अधिवेशन र स्थानीयस्तरमा  चित्रकला, निबन्ध लेखन, हिसाब दौड, सांस्कृतिक कार्यक्रम, कविता प्रतियोगिता, मुक्तक र बतृत्वकला कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा ८६४ जना बालबालिकामा छात्रा ५ सय जना र छात्र २६४ जनाको सहभागिता रहेको थियो । विशेष गरी स्थानीयस्तरमा तीन गाविसमा छुट्टाछुट्टै कार्यक्रम गरी बाल दिवस २०७३ भएको थियो ।  कार्यक्रममा बालबालिकाले बालअधिकारको विषयमा गीत कविता तयार गरी प्रस्तुत गरेका थिए ।



*राष्ट्रिय बाल दिवस २०७३ विभिन्न कार्यक्रममा सहभागी  भएका  गिम्दी गाविसका बाल क्लबका सदस्यहरु*

## लू निभाः अर्धवार्षिक समीक्षा तथा कार्ययोजना कार्यशाला गोष्ठी

नगरकोट, जुलाई २४-२६ , २०१६ मा लू निभाः बाल सरोकार समूहको अर्धवार्षिक समीक्षा तथा  कार्ययोजना कार्यशशाला गोष्ठी होटल कन्ट्री भिल्ला नगरकोटमा सम्पन्न भयो । तीन दिने कार्यशालामा सन् २०१६ मा सञ्चालनमा रहेका विभिन्न परियोजनाहरु लगायत लू निभाः संस्थाको सस्थागत गतिविधिहरुको समीक्षा एवम् छलफल गरियो । साथै आगामी बाँकी  महिनाहरुमा सञ्चालन गर्ने कार्यक्रमहरुका बारेमा छलफल तथा योजना तय गरियो । कार्यकारी निर्देशन नरेन्द्र डंगोलले सहजीकरण गरिएको उक्त कार्यशालामा सम्बन्धित परियोजना संयोजकहरुले आ आफ्नो परियोजनाको समीक्षा एवम् योजना तर्जुमा कार्यमा सम्पन्न भएको थियो । कार्यक्रमको अन्त्यमा संस्थामा कार्यरत कर्मचारी कार्यक्रम अधिकृत श्री तेजमाया डंगोललाई संघका सल्लाहकार द्वय मदनकृष्ण डंगोल र स्वयम्भूराज डंगोलले विदाइ तथा सम्मान गर्नुभयो ।



*संस्थाको अर्धबार्षिक संमीक्षा कार्यक्रममा सामूहिक योजना बनाउन छलफल गर्दै गरेको कर्मचारीहरु ।*

# बाल जगत

कविता

## शिक्षा

देविका सिंतान
कक्षा : ८
श्री जनक मावि, गिम्दी

*शिक्षा नै हो जीवनको आधार*
*शिक्षाविनाजिन्दगीको के भर ।*
*शिक्षाले नै चलाउँछ संसार*
*शिक्षाले नै दिन्छ विकासको पूर्वाधार ।*
*शिक्षाविनागाह्रो छ बाच्नलाई*
*यो संसारमाखुलेर हाँस्नलाई ।*
*शिक्षाआवश्यकता छ हामीलाई*
*यो देश र यो संसारलाई ।*
*देशचलाउनशिक्षा चाँहिन्छ*
*शिक्षानखोजे कहाँ पाइन्छ ।*
*शिक्षाले सिकाउछ बाच्नलाई*
*आफ्नो भविष्यउज्यालो पार्नलाई ।*










